# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
### मधेश प्रदेश, नेपाल

**आर्थिक बर्ष २०८१/०८२ को लागि कालिन्जोर खोला र लखन्देही खोलाको नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी, बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकासित मितिः २०८१/०६/०१)**

लालबन्दी नगरपालिकाको मिति २०८१/०५/३१ गतेको निर्णय बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-११ र दफा ६२ मा उल्लेखित व्यवस्था, नेपाल सरकारबाट जारी भएको "ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" मा उल्लेखित मापदण्ड, मधेश प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ८ मा निर्धारित प्रक्रिया, उल्लेखित खोलाहरुको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको च.न.७८७७०, मिति २०८१/०३/३१ को सुझाव र बोलपत्रमा उल्लेखित शर्त बमोजिम यस लालबन्दी नगरपालिका अन्तर्गत पर्ने तपसिलमा उल्लेखित खोलाहरुको तपसिलमा उल्लेखित नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ निकाली लालबन्दी नगरपालिकाले तोकेको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७९/०८० को कर चुक्ता वा म्याद थपको प्रमाणित प्रतिलिपिहरू, कारवाही वा कालोसूचीमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहितको रितपूर्वक बोलपत्र **(E-Bidding)** आब्हान गरिएको छ। विस्तृत शर्त तथा बोलपत्र फारम र सोसँग सम्बन्धित कागजातका लागि **www.bolpatra.gov.np/egp** वा यस कार्यालयको वेबसाइट **www.lalbandimun.gov.np** मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | उत्खनन् बस्तु | कुल उत्खनन् परिमाण (घ.मि.) | न्युनतम अंक/ ठेक्का रकम (भ्याट बाहेक) रु. | न्युनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | आ. आ. ६ | कालिन्जोर खोलाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | भोर्लेनी नाका, रानजिगञ्ज नाका, रेल्वे पुल नाका र जब्दी दोभान नाका | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | ६३२६६.४ | १,११,९८,१५२।८० (एक करोड, एघार लाख, अन्ठान्नब्बे हजार, एक सय बाउन्न रुपैया असी पैसा मात्र) | कबोल अंकको ५% | ३००० |
| २ | आ. आ. ७ | लखन्देही खोलाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | लालबन्दी न.पा. : बाहुने नाका, कोइरी टोल नाका, हिरापुर नाका र नवलपुर नाका, हरिवन न.पा. : गणेश चोक, मोहनपुर र धङती टोल नाका | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | ६४३४६.४ | १,१३,८९,३१२।८० (एक करोड, तेह लाख, उनान्नब्बे हजार, तीन सय बाह रुपैया असी पैसा मात्र) | कबोल अंकको ५% | ३००० |

**सर्तहरुः-**

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु.३०००/-(तीन हजार मात्र) यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा जम्मा गरी **Scan** कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ।

२. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचरको वा "क" वर्गको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत(बिड बण्ड) को **Scan** कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ।

३. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म अनिवार्य Online (E-Bidding) प्रणालीमा पेश गरीसक्नु पर्नेछ। सोही दिन दिनको ०२:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।

४. यस नगरका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा नदी जन्य निर्यात सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवम् नेपाल सरकारबाट जारी भएका निर्देशनहरु, लालबन्दी नगरपालिकाको ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ।

५. ठेक्का अवधि सम्झौता भएको मिति गते देखी २०८२ जेठ मसान्तसम्म रहनेछ।

६. स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकमको ३४ प्रतिशत रकम बोलपत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी नगदै दाखिला गरी र बाँकी ६६ प्रतिशतको ११ (एघार) महिना म्याद भएको कार्यसम्पादन जमानत(बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ। सो को आधारमा सम्झौता गरि पट्टा उपलब्ध गराइनेछ। बोलपत्रदाताले सम्झौताको तीन महिना पश्चात ३३ प्रतिशत र पुनः तीन महिना पश्चात बाँकी ३३ प्रतिशत रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा दाखिला गर्नु पर्नेछ । कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्झौता गर्न नसकेमा वा निर्धारित अवधिमा किस्ता रकम दाखिला गर्न नसकेमा निजको धरौटी जफत गरी तथा कार्यसम्पादन जमानत(बैंक ग्यारेण्टी) बाट रकम जफत गरी प्रचलित कानून वमोजिम कालोसूचीमा राख्ने लगायतको कारवाही गरिनेछ।

७. ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनु पर्ने आयकर लगायतको अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ र ठेक्का रकमबाट घटाउन पाइने छैन।

८. ठेकेदारले ब्याकहोलोडर, एक्जाभेटर, टिपर लगायतका यन्त्र र सवारी प्रयोग गर्दा जिल्ला समन्वय समितिको कार्यालयबाट पूर्व स्वीकृती लिई मात्र प्रयोग गर्नु पर्नेछ ।

९. ठेकेरदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन । सडकपुल र झोलुङ्गेपुलको एक हजार मिटर तल र पाँच सय मिटर माथिको नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन। र नदीको मध्यम भागबाट तोकिएको मापदण्ड भन्दा गहिरो नहुने गरी नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ।

१०. ठेकेदारले बन्द, हड्ताल र समय अभाव तथा अन्य कारण देखाइ छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले छुट दिईने छैन।

११. ठेकेदारले कर संकलन गर्ने स्थानमा कर संकलन गरिने नदीजन्य पदार्थहरुको मूल्य सहितको सूची सर्वसाधरणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ। साथै नदीजन्य पदार्थ संकलन गर्ने घाटमा समय र परिणाम खुल्ने गरी होर्डिङ्ग बोर्ड ठेकेदारले स्वयम् राख्नु पर्नेछ। यसरी उत्खनन तथा संकलन गरेको परिमाणको प्रतिवेदन दैनिक रुपमा यस नगरपालिका कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

१२. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन र ढुवानीको लागी प्रयोग हुने सडकहरुमा खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ। सो बापतको खर्च दावी गर्न पाउने छैन।

१३. विपद् व्यवस्थापन तथा अति आवश्यक बाटो मर्मतका लागि नगरपालिकाले नगरपालिकाको आफ्नो स्रोत र साधन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी मर्मत गर्न सक्नेछ। उक्त कार्यको लागि कुनै बाधा पर्ने छैन ।

१४. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१५. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बिशेष अवस्थामा सुचनामा उलेखित शर्त र समय हेरफेर गर्न सकिने छ। यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत